## परिचय / *Introduction*

सहकारी मूल्यमान्यतालाई आत्मसाथ गर्दै यस शिखरदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड डिभिजन सहकारी कार्यालय, भक्तपुरबाट इजाजत प्राप्त वितीय संस्था हो । यस संस्थाको व्यवस्थापन तहमा वितीय संस्था एवं ब्यापारिक क्षेत्रमा ख्याती प्राप्त अनुभवी व्यक्तित्वहरु हुनुहुन्छ । संस्थाको मुख्य उद्देश्य वर्तमान प्रतिस्पर्धात्मक वितीय बजारमा पारदर्शी तवरले आकर्षक ब्याज प्रदान गरी सङ्कलित निक्षेप रकमलाई निम्न तथा मध्यमवर्गीय इमान्दार, व्यवसायी तथा उद्यमी सदस्यहरुको व्यवसाय प्रवर्द्धनका लागि सर्वसुलभ रुपमा कर्जा प्रवाह गरी सवल, आत्मनिर्भर र सक्षम व्यवसायी बनाई संस्थाको हिस्सेदारका रुपमा स्थापित गर्ने रहेको छ ।

## उद्येश्य / *Objectives*

यस संस्थामा संलग्न सदस्यहरुलाई अरुको मुख ताक्ने प्रवृतिको अन्त्य गरी आफुमा भएको श्रम, सीप तथा निष्कृय पूँजीलाई सदुपयोग गर्नको लागि बचत गर्न अभिप्रेरित गर्ने ।

## शेयर पूँजी / *Share Capital*

यस संस्थाको शेयर पूँजी रु. ४०,००,००,०००/- (चालिस करोड) रुपैयाँ कायम गरिएको छ । उक्त शेयर पूँजीलाई क्रमश चुक्ता पूँजीमा परिणत गर्दै लैजाने लक्ष्य रहेको छ ।

## निक्षेप योजनाहरू / *Deposit Schemes*

विधमान प्रतिस्पर्धात्मक वित्तिय वातावरणमा निक्षेपकर्तालाई आकर्षक ब्याजदर प्रदान गर्ने गरि निम्न अनुसारका बचत योजनाहरु लागू गरिएको छ ।

| खाताको विवरण | रकम | ब्याजदर | खाताको प्रकार |
|---|---|---|---|
| **साधारण बचत खाता** | ५००/- | ९% | मासिक न्यूनतम मौज्दातमा |
| **विशेष बचत खाता** | ५,०००/- | ८% | दैनिक मौज्दातमा |
| **गृहिणी बचत खाता** | ५,०००/- | ८.५% | दैनिक मौज्दातमा |
| **बृद्ध बचत खाता** | ५,०००/- | ८.५% | दैनिक मौज्दातमा |
| **जम्बो बचत खाता** | १५,०००/- | ९.५% | दैनिक मौज्दातमा |
| **कर्मचारी बचत खाता** | १,०००/- | ७.५% | दैनिक मौज्दातमा |



## बाल उज्ज्वल भविष्य बचत / *Child Bright Future Saving*

यो बचत बालबालिकाका लागि लक्षित गरिएको ५ वर्षे अनिवार्य बचत योजना हो । यस योजनाअन्तर्गत मासिक रुपमा तोकिएको रकम अनिवार्य बचत गर्नुपर्ने छ । अन्यथा तोकिएको स्कीम उपलब्ध गराउन संस्था बाध्य हुने छैन ।

| मासिक बचत | जन्मदिनमा नगद उपहार | एकमुष्ठ भुक्तानी |
|---|---|---|
| १०,०००/- | ६,५००/- | ८,००,०००/- |
| ७,५००/- | ४,०००/- | ६,००,०००/- |
| ५,०००/- | २,५००/- | ४,००,०००/- |
| २,५००/- | १,२००/- | २,०००००/- |
| १,२५०/- | ५००/- | १,०००००/- |
| ६२५/- | २५०/- | ५०,०००/- |

## सुपर पेन्सन बचत / *Super Pension Saving*

यो योजना विशेष गरी बुढेसकालमा आत्मनिर्भरताका लागि लक्षित गरिएको ५ वर्षे अनिवार्य बचत योजना हो । यस अन्तर्गत मासिक रुपमा तोकिएको रकम अनिवार्य रुपले बचत गर्नुपर्ने छ । अन्यथा तोकिएको स्कीम उपलब्ध गराउन संस्था बाध्य हुने छैन ।

| मासिक बचत | दशैं खर्च | एकमुष्ठ भुक्तानी |
|---|---|---|
| १०,०००/- | ६,५००/- | ८,००,०००/- |
| ७,५००/- | ४,०००/- | ६,००,०००/- |
| ५,०००/- | २,५००/- | ४,००,०००/- |
| २,५००/- | १,२००/- | २,०००००/- |
| १,२५०/- | ५००/- | १,०००००/- |
| ६२५/- | २५०/- | ५०,०००/- |

## १ वर्षे अनिवार्य आवधिक बचत / *1 Year Compulsory Periodic Saving*

यो एक वर्षे अनिवार्य बचत योजना हो । यस बचत योजना अन्तर्गत मासिक न्यूनतम रकम रु. १,०००/- देखि खाता संचालन गर्न सकिने छ । यस बचत योजनामा शुरुमा जति रकममा खाता संचालन गरिएको हो सोही बराबरको रकम प्रत्येक महिना बचत गर्दै जानु पर्नेछ । यस बचत योजनामा वार्षिक १३% ब्याजदर तोकिएको छ । अवधि समाप्त पश्चात वा एक वर्ष पूरा भएपछि साँवा र ब्याज एकमुष्ठ रुपमा भुक्तानी गरिने छ ।

## आवधिक बचत / *Periodic Saving*

यो क्रमिक रुपमा गरिने बचत योजना हो । यस बचत योजना अन्तर्गत संस्थामा खाताखोली दैनिक/साप्ताहिक/मासिक रुपमा बचत गर्न सकिन्छ । निश्चित अवधिका लागि क्रमिक रुपमा बचत गरे पश्चात साँवा र ब्याज एकमुष्ठ रुपमा भुक्तानी गरिनेछ ।

| ६ महिना | १ वर्ष | २ वर्ष | ३ वर्ष |
|---|---|---|---|
| १०% | ११% | १२% | १३% |

## शिखरदीप जीवन अमृत बचत / *Shikhardeep Jeevan Amrit Saving*

यस खातामा मासिक रुपमा ३ वर्षसम्म अनिवार्य बचत गरे वापत तल उल्लेखित बमोजिमको सुबिधा पाइनेछ साथै अवधि समाप्ति पछि उल्लेखित रकम एकमुष्ट भुक्तानी गरिनेछ । खाता अवधि भित्र असामयिक निधन भएमा विमाङ्क रकम एकमुष्ट भुक्तानी गरिनेछ भने दुर्घटनाबाट निधन भएमा दोब्बर बीमा रकम भुक्तानी गरिनुको साथै बचत रकम पनि फिर्ता गरिने छ ।

| मासिक बचत | उपहार | कालगतिबाट मृत्यु | दुर्घटनाबाट मृत्यु | एकमुष्ट भुक्तानी |
|---|---|---|---|---|
| १,२००/- | २५०/- | ५०,०००/- | १,००,०००/- | ५०,०००/- |
| २,४००/- | ५५०/- | १,००,०००/- | २,००,०००/- | १,००,०००/- |
| ३,६००/- | ९००/- | १,५०,०००/- | ३,००,०००/- | १,५०,०००/- |
| ४,८००/- | १,३००/- | २,००,०००/- | ४,००,०००/- | २,००,०००/- |
| ६,०००/- | १,७५०/- | २,५०,०००/- | ५,००,०००/- | २,५०,०००/- |
| ७,२००/- | २,२५०/- | ३,००,०००/- | ६,००,०००/- | ३,००,०००/- |
| ८,४००/- | २,८००/- | ३,५०,०००/- | ७,००,०००/- | ३,५०,०००/- |
| ९,६००/- | ३,४००/- | ४,००,०००/- | ८,००,०००/- | ४,००,०००/- |
| १०,८००/- | ४,०५०/- | ४,५०,०००/- | ९,००,०००/- | ४,५०,०००/- |
| १२,०००/- | ५,०००/- | ५,००,०००/- | १०,००,०००/- | ५,००,०००/- |

(नोट:- यस बचत खातामा ३ महिनाको किस्ता बुझाई सकेपछि मात्र बीमा सुविधा प्राप्त हुनेछ साथै खातावालाको असामायिक निधन भएमा वीमा गर्दा लागेको शुल्क कटाएर मात्र भुक्तानी गरिनेछ । १८ वर्षदेखि ५० वर्ष उमेर सम्मकोले मात्र यो खाता संचालनगर्न पाउने छन् ।)

## पेन्सन प्लस बचत / *Pension Plus Saving*

यस योजनामा रु. १,००,०००/- (एक लाख) रुपैया एक वर्षको अवधिका लागि राखेको खण्डमा मासिक रु. ११००/- (एक हजार एक सय) व्याज भुक्तानी गरिनेछ । यस योजनामा रु. १,००,०००/- देखि माथि रु. १,००,०००/- (एक लाख) ले भाग जाने जतिसुकै रकम राख्न सकिनेछ । यसमा नियमानुसार लाग्ने कर संस्थाले नै तिरी दिनेछ । यस योजनाको अवधि १ वर्षको हुनेछ । कुनै ग्राहकले निरन्तरता दिन चाहेमा नविकरण गर्न सकिनेछ ।

नोट: वित्तिय अवस्था एवं संस्थाको नियमानुसार बचत तथा कर्जाको ब्याजदरमा परिवर्तन हुन सक्नेछ ।

## भविष्य सुनिश्चित बचत / *Future Secured Saving*

यस योजना अन्तर्गत सदस्यहरुले निश्चित रकम निश्चित अवधिको लागि बचत गर्न सक्नेछन् ।

| अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | वार्षिक | एकमुष्ठ |
|---|---|---|---|---|---|
| ३ वर्ष | १२.५% | १३% | १३.५% | १४% | १५% |
| २ वर्ष | १२.२५% | १२.७५% | १३% | १३.५% | १४% |
| १ वर्ष | ११.५% | १२% | १२.५% | १३% | १३% |
| ६ महिना | ११% | ११.५% | १२.५% | - | - |

## कर्जा / *Loan*

संस्थाले सहकारीको सिद्धान्त, मूल्य तथा मान्यताहरुको मर्म र भावना अनुरुप आफ्ना सदस्यहरुको सामाजिक तथा आर्थिक विकास गराउनको लागि सहुलियत दरमा कर्जा प्रवाह गर्दै आएको छ । संस्थाको सदस्यता प्राप्त गरेको कम्तिमा ३ महिना पश्चात मात्र सदस्यहरुले कर्जा लिन सक्ने व्यवस्था गरिएको छ ।

| क्र.सं. | कर्जा शीर्षक | ब्याजदर |
|---|---|---|
| १ | सामुहिक जमानी | घट्दो / समदर |
| | क) उद्यमी कर्जा | २१% / १७% |
| | ख) व्यवसायिक/व्यापारिक कर्जा | २१% /१ ७% |
| | ग) शैक्षिक कर्जा | २१% / १७% |

| क्र.सं. | कर्जा शीर्षक | ब्याजदर |
|---|---|---|
| १ | धितो कर्जा प्रवाह | घट्दो |
| | क) उद्यमी कर्जा | २०.००% |
| | ख) व्यवसायिक/व्यापारिक कर्जा | २०.००% |
| | ग) भवन निर्माण कर्जा | २०.००% |
| | घ) हायर पर्चेज कर्जा | १८.००% |

नोट: वितिय अवस्था एवं संस्थाको नियमानुसार बचत तथा कर्जाको ब्याजदरमा परिवर्तन हुन सक्नेछ ।

## रेमिटान्स सेवा / *Remittance Service*

संस्थाले सदस्यहरुको सेवा तथा सुविधामा ध्यान पुऱ्याउँदै प्रभु मनि ट्रान्सफर, वेस्टर्न युनियन मनि ट्रान्सफर तथा हिमाल रेमिट मार्फत पठाएको रकम झिक्न तथा रकम पठाउने, Phone, ADSL को बिल तिर्नुको साथै NCELL र NTC को Recharge गर्ने सुविधा पनि प्रदान गरेको छ ।

himal remit हिमालरेमिट

WESTERN UNION MONEY TRANSFER

prabhu Money Transfer